फलेवास नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

खानीगाउँ, पर्वत

गण्डकी प्रदेश, नेपाल

पत्र संख्या: ०७९/०८०

चलानी नं. ६७१

मिति: २०७९/०६/३०

विषय: कार्यपालिकाका सदस्यहरूले निर्वाचन आचारसंहिता पालना गर्ने सम्बन्धमा ।

**श्री प्रमुखज्यू, फलेवास नगरपालिका, पर्वत ।**
**श्री उपप्रमुखज्यू, फलेवास नगरपालिका, पर्वत ।**
**श्री वडा अध्यक्षज्यू (सबै), फलेवास नगरपालिका, पर्वत ।**
**श्री कार्यपालिकाका सदस्यज्यू (सबै), फलेवास नगरपालिका, पर्वत ।**

उपरोक्त सम्बन्धमा जिल्ला निर्वाचन कार्यालय, पर्वतको च.नं. ९२ मिति २०७९/०६/२९ को स्थानीय तहका कार्यपालिकाका पदाधिकारीले निर्वाचन आचारसंहिता पालना गर्ने सम्बन्धमा यस कार्यालयलाई लेखिएको पत्र तथा निर्वाचन आयोगको मिति २०७९/०६/२६ गतेको स्थानीय तहका कार्यपालिकाका पदाधिकारीले निर्वाचन आचारसंहिता उल्लङ्घन गरेकोमा कावाही गर्नेबारेको प्रेस विज्ञप्ति समेत यसै पत्रसाथ संलग्न छ । बेहोरा संलग्न पत्र तथा विज्ञप्तिबाट अवगत गर्नुभई यहि आउँदो मंसिर ४ गतेको प्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्यको निर्वाचन प्रयोजनको लागि निर्वाचन आयोगबाट तय गरिएको आचारसंहिता लागू गराउनमा सहयोग गरिदिनुहुन अनुरोध छ ।

(नेत्रप्रसाद पौडेल)
**प्रमुख प्रशासकीय अधिकृत**

वोधार्थ

श्री जिल्ला निर्वाचन कार्यालय, पर्वत ।



Contact: ०६७-४२०१०२,०३,०४ email: phalewashnagarpalika@gmail.com website: www.phalewasmun.gov.np

फोन नं. : ०६७-४२०१०९
E-mail : ec.deo.parbat@gmail.com

निर्वाचन आयोग

# जिल्ला निर्वाचन कार्यालय

पर्वत

प.सं. : ०७९/८०
च.नं. : ९२

मिति :- २०७९।०६।२९

विषय :- स्थानीय तहका कार्यपालिकाका पदाधिकारीले निर्वाचन आचारसंहिता पालना गर्ने सम्बन्धमा ।

श्री कुश्मा/फलेवास नगरपालिकाको कार्यालय, पर्वत ।
श्री जलजला/मोदी/पैयुं/विहादी/महाशिला गाउँपालिकाको कार्यालय, पर्वत ।

निर्वाचन आचारसंहिता, २०७९ (पहिलो संशोधन समेत) ले कुनै पनि स्थानीय तहमा निर्वाचित कार्यपालिका पदाधिकारीले आफू निर्वाचित भएको स्थानीय तह भित्र कुनै पनि उम्मेदवारको पक्ष वा विपक्षमा प्रचार प्रसारमा संलग्न हुंन वा प्रचार प्रसार गर्न नहुने साथै आफू निर्वाचित भएको स्थानीय तह बाहेकको स्थानमा कुनै उम्मेदवारको पक्षमा प्रचारप्रसार गर्न चाहेमा सरकारी साधन स्रोत (सवारी साधन, सुरक्षाकर्मी आदि) को प्रयोग नगरी आचारसंहिता प्रतिकुल नहुने गरी प्रचार प्रसारमा संलग्न हुन सकिने व्यवस्था गरेको हुँदा ताहां स्थानीय तह अन्तर्गत सम्पूर्ण निर्वाचित जनप्रतिनिधिहरुलाई सो व्यहोरा जानकारी गराइदिनुहुन साथै कोही कसैबाट सो आचारसंहिता प्रतिकुल हुनेगरी कार्य गरेको पाइएमा आचार संहिता अनुगमन अधिकृत (प्रमुख कोष नियन्त्रक) वा मुख्य निर्वाचन अधिकृतको कार्यालय वा जिल्ला निर्वाचन कार्यालय वा जिल्ला आचारसंहिता अनुगमन समितिलाई जानकारी गराइदिनुहुन अनुरोध छ ।

पुनश्च : उपर्युक्त विषयमा निर्वाचन आयोगबाट मिति २०७९।०६।२६ गते प्रकाशित स्थानीय तहका कार्यपालिकाका पदाधिकारीले निर्वाचन आचारसंहिता उल्लङ्घन गरेमा कारवाही गर्ने बारेको प्रेस विज्ञप्ति यसैसाथ संलग्न छ ।

.................................
(लक्षु शर्मा)
जिल्ला निर्वाचन अधिकारी
जिल्ला निर्वाचन अधिकारी

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./Ref:

## स्थानीय तहका कार्यपालिकाका पदाधिकारीले निर्वाचन आचारसंहिता उल्लङ्घन गरेकोमा कारवाही गर्नेबारे

## प्रेस विज्ञप्ति

मिति : २०७९ असोज २६ गते

संवत् २०७९ मंसिर ४ गते हुने प्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्यको निर्वाचन प्रयोजनका लागि निर्वाचन आचारसंहिता लागू भैसकेको अवस्थामा कतिपय स्थानीय तहका कार्यपालिकाका सदस्यहरूले निर्वाचन आचारसंहिता विपरीत आफ्नो पालिकाभित्र उम्मेदवारको पक्षमा प्रचारप्रसारमा संलग्न भएको भन्ने जानकारीमा आएकोप्रति निर्वाचन आयोगको गम्भीर ध्यानाकर्षण भएको छ।

निर्वाचन आचारसंहिता अनुसार कुनै पनि स्थानीय तहमा निर्वाचित कार्यपालिका सदस्यले आफू निर्वाचित भएको पालिकाभित्र कुनै पनि उम्मेदवारको पक्ष वा विपक्षमा प्रचारप्रसार गर्न नमिल्ने साथै आफू निर्वाचित भएका स्थानीय तह बाहेकको स्थानमा कुनै उम्मेदवारको पक्षमा प्रचारप्रसार गर्न चाहेमा सरकारी साधन स्रोत (सवारी साधन, सुरक्षाकर्मी आदि)को प्रयोग नगरी आचारसंहिता प्रतिकूल नहुने गरी संलग्न हुन सकिने व्यवस्था छ।

यसै सन्दर्भमा कतिपय स्थानीय तहका कार्यपालिकाका पदाधिकारी र सदस्यहरूले निर्वाचन आचारसंहिता विपरीत आफू बहाल रहेको स्थानीय तहमा कुनै उम्मेदवारको पक्षमा प्रचारप्रसार कार्यमा संलग्न भएको भन्ने उजुरी आएको तथा आयोगको अनुगमनबाट समेत देखिएकोले देहाय बमोजिम गर्न गराउन निर्देशन दिइएको छ।

१. स्थानीय तहको कार्यपालिकाका पदाधिकारी र सदस्यहरूले निर्वाचन आचारसंहिता विपरीत कार्य गरेको पाइएमा निर्वाचन आयोग ऐन, २०७३ को दफा २३ बमोजिम निजलाई कार्वाही गर्न स्पष्टीकरण सोधी तत्काल कारवाहीको प्रक्रिया अघि बढाउन जिल्ला आचारसंहिता अनुगमन समितिका अधिकृत (कोष तथा लेखा नियन्त्रक कार्यलयका प्रमुख)लाई निर्देशन दिने। साथै सोको सम्पूर्ण विवरण तत्काल जिल्ला आचारसंहिता अनुगमम समिति र आयोगमा पठाउने।
२. बुँदा नं. १ बमोजिमको कारबाही प्रक्रिया अघि बढाउन आवश्यकता अनुसार जिल्ला आचारसंहिता अनुगमन समिति तथा निर्वाचन कार्यलयले आवश्यक सहजीकरण र सहयोग गर्ने।
३. स्थानीय तहको कार्यपालिकाका पदाधिकारीले निर्वाचन आचारसंहिता विपरीत कार्य गरेको पाइएमा निर्वाचन आयोग ऐन, २०७३ को दफा ७ बमोजिम आवश्यक सूचना तथा सहयोग उपलब्ध गराउन सम्बन्धित स्थानीय तहको कार्यालय तथा प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने।

सूर्यप्रसाद अर्याल
उपसचिव एवं सहायक प्रवक्ता